# आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनका समस्या र समाधानका उपाय

ताराप्रसाद पोखरेल

**सार**

*नेपाल बहुभाषिक र बहुजातीय राज्य हो । नेपालको संविधान २०७२ मा बहुभाषिकतालाई स्वीकार गरी मातृभाषा शिक्षालाई नागरिकको मौलिक हकका रूपमा उल्लेख गरिएको छ । स्थानीय तथा क्षेत्र विशेषको शिक्षाका रूपमा मातृभाषाको महत्त्व अझ बढेको छ । प्रस्तुत अध्ययनमा आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनको अवस्थाका बारेमा अनुसन्धान गरिएको छ । आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयन कसरी भएको छ ? आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनमा को कसको भूमिका रहेको हुन्छ ? भन्ने प्रश्नको उत्तर खोजी गरिएको छ । गुणात्मक अनुसन्धान विधिअन्तर्गत घटना अनुभव विधिको आधारमा अध्ययनको विषयवस्तु प्रस्तुत गरिएको छ । स्थान विशेष, क्षेत्र विशेष, सामाजिक पुनर्सँरचानावादी सिद्धान्त तथा स्पोल्स्कीको भाषा नीतिसम्बन्धी सिद्धान्तका आधारमा तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको छ । आधारभूत तहमा मातृभाषा शिक्षालाई प्रभावकारी बनाउन मातृभाषाको साधारण र विशिष्ट उद्देश्य निर्धारण गर्नुपर्ने, आवश्यकताअनुसार पाठ्यक्रम-पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको व्यवस्थापन गर्नुपर्छ । शिक्षक र विद्यार्थीको सक्रियताले मातृभाषा शिक्षा प्रभावकारी बन्दछ । मातृभाषा शिक्षा कार्यान्वयनमा देखिएका समस्याको समाधान गर्न राज्यले उचित नीतिको व्यवस्थापन गर्नु आवश्यक रहेको अध्ययनका क्रममा सङ्कलित तथ्याङ्कको निष्कर्ष रहेको छ ।*

**मुख्य शब्दहरू** : आधारभूत, पाठ्यक्रम, मातृभाषा, बहुभाषिक, भाषानीति

## विषयप्रवेश

मातृभाषा शब्द व्यापक रूपमा प्रयोग गरिन्छ । मातृभाषाको परिभाषा एकीन गर्न कठिन छ । बालकको मातृभाषा उसले बोल्ने भाषा हो । मातृभाषालाई बालकले बाल्यकालमा घरमा सिकेको भाषाका रूपमा परि भाषित गरिएको छ (खड्का, सन २०१८, पृ. ७२) । बालकले जन्मजात हासिल गरेको भाषा नै मातृभाषा हो । मातृभाषालाई प्राथमिक वा प्रथम भाषा मानिएको छ । मातृभाषा नीति निर्माण र शैक्षिक क्षेत्रमा कम प्रयोग गरि न्छ । मातृभाषामा व्याकरण, शब्दावली र लिखित रूप कम हुन्छ । मातृभाषा शिक्षाले विद्यार्थीको भाषाको प्रयो गलाई बुझाउँछ । मातृभाषा शिक्षाले विषयका रूपमा बालबालिकाको सिकाइलाई पनि बुझाउँछ । मातृभाषा शिक्षाले मातृभाषामा पढ्ने र पढाउने सन्दर्भलाई विशेष जोड दिएको छ । प्रारम्भिक तहका बालबालिका विद्यालयमा गए पनि मातृभाषा बोल्छन् । अन्य भाषामा भन्दा प्रारम्भिक तहका बालबालिकालाई मातृभाषामा शिक्षा दिएमा उनीहरूले राम्रोसँग सिक्छन् । पचास प्रतिशतभन्दा बढी विद्यालय उमेरका बालबालिकाले मातृभाषाको प्रयोग गर्दछन् ।

नेपाल बहुभाषिक, बहुधार्मिक, बहुजातीय देश हो । राष्ट्रिय जनगणना २०७८ अनुसार हाल देशमा एकसय बयालिस जातजातिका मानिसहरू बसोबास गर्दछन् । यसैगरी नेपालमा एकसय चौविस भाषाहरू अस्तित्वमा रहेका छन् । भाषिक रूपमा सबै भाषा समान अस्तित्वमा छन् । जातीय पहिचानका आधारमा हे

र्ने हो भने भाषा एक पहिचान हो । शिक्षण सिकाइका क्रममा भाषा संवेदनशील मुद्धाका रूपमा स्थापित भएको छ। नेपालमा मातृभाषामा शिक्षासम्बन्धी दृष्टिकोण स्थानीय पाठ्यक्रमको अवधारणासँगै आएको हो। बालबालिकालाई विद्यालयमा जाँदा जबरजस्ती नयाँ भाषा सिक्न बाध्य पारिएको छ। उनीहरू कुन मातृभाषी समुदायका हुन् र उनीहरूलाई कसरी शिक्षण गर्दा प्रभावकारी हुने भन्नेमा हाम्रो शिक्षा नीति नै मौन रहेको छ। भाषा र संस्कृतिका कारण विद्यार्थीहरू विद्यालयमा लामो समयसम्म बस्न समेत रुचाउँदैनन् । सम्पूर्ण अल्पसङ्ख्यक जातिका भाषामा विद्यालयमा पठनपाठन हुँदैन । मातृभाषामा शिक्षा दिनाले विद्यार्थीलाई विद्यालयमा आकर्षण गर्न पनि मद्दत गर्दछ (ढकाल, २०२१, पृ. ८२) । यसर्थ पनि नेपालका विद्यालयमा मातृभाषाको महत्त्वलाई स्पष्ट पारेको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा बसोबास गर्ने चलालिस प्रतिशत समुदायका मानिसले मातृभाषा नेपाली बोल्दछन् । बाँकी छपन्न प्रतिशत समुदायको मातृभाषा नेपालीबाहेक अन्य रहेको कारण मातृभाषाको महत्व बढेको छ। परिवारका ज्येष्ठ सदस्यले कनिष्ठ सदस्यलाई आफ्नो पेशागत ज्ञान र सिप मातृभाषामा सिकाउने गर्दथे (पाविके, २०७६, पृ. २) । यसैसन्दर्भमा मातृभाषा शिक्षण गर्ने व्यवस्था स्थानीय पाठ्यक्रममा भएको हो । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ मा पहिलोपटक स्थानीय मातृभाषामा शिक्षा दिने कुरा उल्लेख भएको थियो । मातृभाषामा पाठ्यक्रम निर्माण गर्ने सम्बन्धमा प्राथमिक शिक्षा पाठ्यक्रम (२०६२) मा स्पष्ट सैद्धान्तिक मान्यता स्थापित गरिएको छ। स्थानीय मातृभाषामा पाठ्यक्रम निर्माण गर्ने कार्यका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०६३), नेपालको संविधान (२०७२), स्थानीय सरकार सञ्चालन ऐन (२०७४), आधारभूत तहको पाठ्यक्रम (२०७६), विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०७६) मा उल्लेख गरिएको छ।

हाल पाठ्यक्रम विकास केन्द्रले २६ मातृभाषाका पाठ्यक्रमको नमुना प्रकाशित गरेको छ। पाठ्यक्रम विकास केन्द्रद्वारा चारवटा मातृभाषामा सन्दर्भ पुस्तक तथा १५ मातृभाषामा बाल सिकाइ सामग्री प्रकाशित गरिएको छ। हाल आधारभूत तहको कक्षा १-३ मा साप्ताहित ५ पाठ्यभार र १०० पूर्णाङ्क तथा वार्षिक १६० पाठ्यघण्टाको स्थानीय पाठ्यक्रम अध्ययनअध्यापन गर्नुपर्ने व्यवस्था गरिएको छ। त्यसैगरी कक्षा ४-८ मा साप्ताहिक ४ पाठ्यभार, १०० पूर्णाङ्क तथा वार्षिक १२८ पाठ्यघण्टाको स्थानीय पाठ्यक्रम अध्ययनअध्यापन गर्नुपर्ने प्रावधान छ।

राष्ट्रिय जनगणना २०७८ का अनुसार नेपालमा बसोबास गर्ने विभिन्न समुदायका १ सय ४२ जातजाति र उनीहरूले बोल्ने मातृभाषाको सङ्ख्या एक सय चौबीस रहेका छन् । हालसम्म पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरेका मातृभाषाका पाठ्यक्रममा मैथिली, भोजपुरी, अवधी, लिम्बू, बान्तवा राई, चाम्लिङ राई, सेर्पा, गुरुङ, तामाङ, मगर, नेपाल भाषा, थारू, सुनुवार, राजवंशी, याख्खा, मुगाली, थारू (मध्ये क्षेत्र), तामाङ (सम्भोटा), धिमाल, मगर (अथार मगरात), बज्जिका, कुलुङ, चेपाङ, खालिङ राई, माझी, राना थारू भाषामा केन्द्रीय तहमा पाठ्यक्रम विकास केन्द्रबाट पाठ्यक्रम निर्माण भएका छन् (पाविके, २०७६, पृ.८२) । यसैगरी मैथिली, अवधी, रानाथारू, कोनो गरी चारवटा मातृभाषामा सन्दर्भ सामग्री प्रकाशित भएका छन् । पाठ्यक्रम विकास केन्द्रले मैथिली, भोजपुरी, लिम्बू, थारू, अवधी, मगर, नेपाल भाषा, डोटेली, थकाली, चाम्लिङ, गुरुङ,

सेर्पा, बान्तवा राई, उर्दू र संस्कृत गरी १५ वटा मातृभाषामा बाल सिकाइ सामग्री प्रकाशित गरेको छ ( पाविके, २०७६, पृ. ८४) । पछिल्लो समयमा स्थानीय तह स्वयम्ले स्थानीय मातृभाषामा पाठ्यक्रम निर्माणको कार्य थालनी गरेका छन् । स्थानीय तहका मातृभाषी समुदायको आवश्यकताअनुसार देशभरका स्थानीय तहहरूले मातृभाषा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने प्रक्रियाको थालनी गरेका छन् ।

नेपाल अधिराज्यको संविधान २०४६ ले देशलाई बहुभाषिक राज्यका रूपमा पहिचान गरेपछि नेपालमा मातृभाषा शिक्षाको वहस सुरू भएको हो । नवौँ र दशौँ योजनामा राष्ट्रिय शिक्षा आयोगले गैर नेपाली भाषी विद्यालयमा शिक्षाको माध्यमका रूपमा नेपाली भाषालाई प्रवर्तन गर्ने प्रक्रिया सुरूवात गरेको हो ( राई, सन २०२१, पृ. ७) । यसबाट बहुभाषिक समुदायका बालबालिकाले आफ्नो मातृभाषामा शिक्षा पाउने अवसरको सिर्जना भएको हो । नेपाल भौगोलिक, धार्मिक, सांस्कृतिक, जातीय तथा भाषिक विविधता भएको देश हो । केन्द्रीय तहमा निर्माण हुने पाठ्यक्रमले मात्र समग्र राष्ट्रको आवश्यकतालाई पूरा गर्न सक्दैन । अझ भन्ने हो भने शिक्षाको क्षेत्रमा सन्तुलित र समुचित विकास आवश्यक छ । स्थानीय रुची र आवश्यकतालाई सम्बोधन गर्न स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्दछ । नेपाल सङ्घीय गणतन्त्रात्मक शासन व्यवस्था भएको देश हुनाले स्थानीय आवश्यकतालाई समेट्ने गरी पाठ्यक्रम निर्माण गरिनुपर्दछ । यसका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ र २०७१ ले शैक्षिक क्षेत्रमा देखा पर्ने शैक्षिक मुद्धा र चुनौतीलाई सम्बोधन गर्न स्थानीय आवश्यकतामा आधारित शिक्षालाई विशेष जोड दिएका थिए (पाविके,२०७६, पृ.१) । यस आधारमा पनि मातृभाषामा पाठ्यक्रम तयार गरी कार्यान्वयन गर्ने मुख्य दायित्व स्थानीय तहका जनप्रतिनिधि, प्रधानाध्यापक, शिक्षाविद्, शिक्षा अधिकृत, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीलगायत स्थानीय पाठ्यक्रमसँग सम्बद्ध सबैको रहन्छ ।

मातृभाषा शिक्षा कार्यान्वयनमा समस्याहरू रहेका छन् । मातृभाषा शिक्षा सम्बन्धमा कुनकुन भाषालाई शिक्षाको माध्यमका रूपमा प्रयोग गर्ने भन्ने चर्को बहस बनेको छ (देसाइ, सन् २०१२,पृ.१०) । इयो (सन् २०२१) का अनुसार मातृभाषा शिक्षाका सन्दर्भमा शिक्षकहरूले प्रयोग गरेको निर्देशनको भाषाले कस्तो प्रभाव पारेको छ भनी अध्ययन आवश्यक छ (पृ. ८) । मातृभाषा शिक्षालाई नीतिगत र कार्यान्वयनगत अवस्थामा उपयोगिताको अध्ययन गर्नुपर्दछ । नेपाल बहुजातीय एवम् बहुभाषिक विशेषता भएको देश हो । यहाँ बसोबास गर्ने हरेक समुदायका आ-आफ्नै भाषिक पहिचान रहेको छ । २०७८ को जनगणनाअनुसार नेपालमा ४४.८६ प्रतिशत मानिसहरूले मात्र नेपाली भाषाको प्रयोग गर्दछन् । बाँकी रहेका ५५.१४ प्रतिशत समुदायका मानिसहरू नेपाली बाहेक अन्य भाषा प्रयोग गर्दछन् (केन्द्रीय तथ्याङ्क विभाग, २०७८, पृ. ३) । जनगणनाको आधारमा पनि नेपालमा बसोबास गर्ने बहुसङ्ख्यक मानिस बहुभाषी छन् । तिनीहरूका आआफ्ना मातृभाषा रहेकाले नेपाली भाषाभन्दा मातृभाषाको प्रयोग गर्दछन् ।

मातृभाषाको शिक्षाका लागि तयार पारिने पाठ्यक्रम सिकारूहरू आफ्नै भाषा, संस्कृति, सम्पदा तथा वातावरणका बारेमा सिक्ने अवसर पाऊन् भन्ने अभिप्रायले तयार पारिएको हुन्छ । उनीहरू सिक्नका लागि प्रोत्साहित होऊन् भन्ने कुराको सुनिश्चितता मातृभाषा पाठ्यक्रममा गरिन्छ । यसबाट बालबालिकाले घरको जीवन र विद्यालयको वातावरणमा सामन्जस्यताको अनुभूति गर्न सक्छन् । कुनै पनि देशमा विद्यार्थीका लागि

मूल सिकाइ उद्देश्यहरू किटान गरिएको एउटा राष्ट्रिय पाठ्यक्रम हुन्छ। तर विभिन्न क्षेत्रले प्रयोग गर्ने गरी स्थानीय पाठ्यक्रमको व्यवस्था भएको हुन्छ। यसै सन्दर्भमा स्थानीय मातृभाषामा तयार पारिएको पाठ्यक्रमको सान्दर्भिकता पुष्टि हुन आउँछ।

नेपालमा हाल स्थानीय तहले आधारभूत तहमा मातृभाषाको शिक्षा कार्यान्वयनको प्रक्रिया थालनी गरेका छन्। स्थानीय तहमा बसोवास गर्ने समुदायका अधिक मानिसले प्रयोग गर्ने स्थानीय भाषाको संरक्षण गर्न स्थानीय मातृभाषा पाठ्यक्रम निर्माण भई कार्यान्वयन भएका छन्। यसरी स्थानीय तहले निर्माण गरी कार्यान्वयन गरेको स्थानीय मातृभाषा पाठ्यक्रममा आधारित शिक्षा कार्यान्वयन कसरी भएको छ भन्ने अन्तराललाई न्यूनीकरण गरी त्यसलाई सम्बोधन गर्न आवश्यक छ ( श्रेष्ठ, २०७७, पृ. ३०)। प्रस्तुत अध्ययनमा आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनको अवस्थासम्बन्धी समस्यामा केन्द्रित रही अनुसन्धान तथा विश्लेषण गर्ने कार्य भएको छ।

मातृभाषा शिक्षा सम्बन्धमा कुनकुन भाषालाई शिक्षाको माध्यमका रूपमा प्रयोग गर्ने भन्ने चको ' बहस बनेको छ। देसाइ (सन् २०१२) का अनुसार अभ्यासकर्ता, नीतिनिर्माताहरू र अनुसन्धानकर्ताहरूले धेरै विविधताका लागि एकल समाधानको सन्दर्भमा सोचेका छैनन् (पृ. १०)। मातृभाषा शिक्षासम्बन्धमा शिक्षकहरूले प्रयोग गरेको निर्देशनको भाषाले पारेको प्रभाव बारेमा अध्ययन आवश्यक छ। इयो (सन् २०२१) का अनुसार मातृभाषा शिक्षालाई नीतिगत र कार्यान्वयनगत अवस्थामा उपयोगिताको अध्ययन गर्नुपर्दछ (पृ. ८)। प्रस्तुत लेख आधारभूत तहमा कार्यान्वयनमा रहेका मातृभाषा शिक्षाको कार्यान्वयनको अवस्थासम्बन्धी प्रमुख समस्यामा केन्द्रित छ। आधारभूत तहमा कार्यान्वयन भएको मातृभाषा शिक्षासम्बन्धमा प्रस्तुत अध्ययनमा खोजी गरिएको छ।

प्रस्तुत लेख स्थानीय तहमा मातृभाषा शिक्षा कसरी कार्यान्वयन भएको छ भन्ने प्रमुख समस्यामा केन्द्रित छ। आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनको अवस्था सम्बन्धमा निम्न प्रश्नको उत्तर खोजी गरिएको छ -

क) आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनका समस्याहरू के के छन् ?

ख) आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनका समस्याको समाधानका उपाय केके हुन सक्छन् ?

प्रस्तुत लेख आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनको समस्या र समाधानका उपायसम्बन्धमा केन्द्रित छ। नेपालमा मातृभाषा शिक्षा कार्यान्वयन गर्ने नीतिगत व्यवस्था रहे पनि कार्यान्वयनका तहमा अपेक्षित सफलता प्राप्त हुन सकेको छैन। बालबालिकाको शैक्षिक सुधारका लागि मातृभाषा शिक्षा महत्त्वपूर्ण रहेको हुन्छ। कोहेन (सन् २००७) का अनुसार शिक्षामा मातृभाषा प्रयोग गर्ने सवालमा समुदायका सम्भ्रान्त वर्गीय मानिसहरू तयार हुँदैनन् (पृ. ८२)। मेलोन (सन् २००६) का अनुसार मातृभाषा शिक्षा कार्यान्वयनका लागि स्पष्ट उद्देश्य हुनुपर्दछ (पृ. ६)। विद्यालयको आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनमा आइसकेको छ। मातृभाषा शिक्षा स्थानीय समुदायको भाषिक परिवेशअनुरूप कार्यान्वयनमा आएको हो। मातृभाषा शिक्षाले स्थानीय मातृभाषाको संरक्षण गर्नुपर्दछ। यससम्बन्धमा अध्ययन अनुसन्धान कार्य पूर्ण भएका छैनन्। मातृभाषा

शिक्षा कार्यान्वयन गरेका विद्यालयको वास्तविक अवस्था अध्ययन गरी मातृभाषा शिक्षाले विद्यार्थीको भाषिक सिप विकासमा पार्ने प्रभावको पहिचान गर्नु आवश्यक छ। प्रस्तुत अध्ययन निम्न उद्देश्यमा केन्द्रित छ -

क) आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनका समस्याको पहिचान गर्नु

ख) आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनका समस्याको पहिचान र विश्लेषण गर्नु।

## पूर्वकार्यको पुनरावलोकन

मातृभाषा शिक्षा कार्यान्वयन गर्दा त्यसको परीक्षणपश्चात् गरिएमा भविष्यमा मातृभाषा शिक्षाले बालबालिका र समुदायलाई पार्ने प्रभावको आँकलन गर्न सहज हुन्छ। वाङ (सन् २००६) ले चीनियाँ परिवेशमा अङ्ग्रेजी भाषाको आवश्यकतासम्बन्धमा कक्षाकोठामा पाठ्यक्रमलाई प्रयोग गर्ने महत्त्वपूर्ण पाटो शिक्षक भएकोले मातृभाषा शिक्षा कार्यान्वयनका लागि शिक्षकमा साधन, स्रोत, क्षमता, भाषा प्रवीणता, शिक्षा अनुभव, भाषा शिक्षण गर्ने दक्षता हुनु आवश्यक रहेको बताएका छन्। कुनै पनि मातृभाषा शिक्षा कार्यान्वयन गर्नुभन्दा पहिला त्यसको परिणाम आँकलन गर्नुपर्दछ। मातृभाषा शिक्षणबाट बालबालिकालाई पढाइमा रुचि जगाउन र पढ्ने बानीको विकास गर्न सकिने भएकोले भविष्यमा बालबालिकाले दोस्रो भाषा सिकाइमा सफलता हासिल गर्दछन्। शिक्षकले आवश्यक शैक्षणिक सामग्रीको प्रयोग गरी शिक्षण गर्नु आवश्यक छ। यसका लागि शिक्षक स्वयम् सक्षम हुनुपर्ने कुरामा जोड दिइएको छ। मातृभाषा शिक्षाले दोस्रो भाषा सिकाइमा सकारात्मक परिणाम ल्याउँदछ।

मातृभाषा शिक्षाले अल्पसङ्ख्यक समुदायको पहिचानका लागि महत्वपूर्ण भूमिका खेल्दछ। यसका लागि सामाजिक र राजनीतिक तहबाट विशेष निर्णय आवश्यक छ। मातृभाषा शिक्षाका लागि आवश्यक सामग्री जुटाउन सकिएमा कार्यान्वयन तहमा सहजता हुन्छ। युनेस्को (सन् २००८) ले मातृभाषामा बालबालिकालाई शिक्षा दिनाले सिकाइमा अभिरुचि जाग्ने उल्लेख गरेको छ। उसका अनुसार मातृभाषामा सिकाइ कार्यान्वयन गर्दा विद्यार्थीको उपलब्धि नतिजा बृद्धि हुन्छ। समुदायको आवश्यकतालाई मातृभाषामा शिक्षाबाट सम्बोधन हुने अवस्था आउँछ। मातृभाषा सिकाइबाट अल्पसङ्ख्यक समुदायको पहिचान बढ्दछ। यसका लागि स्थानीय मातृभाषामा पाठ्यक्रम तयार पार्नुपर्दछ। मातृभाषा सिकाइ कार्यान्वयन गर्न आवश्यक स्रोत साधन जुटाइ शैक्षिक वातावरण कायम गर्नुपर्छ। सामाजिक र राजनीतिक तहमा स्पष्टता आउनुपर्छ। मातृभाषासम्बन्धमा निश्चित मोडल तयार पार्नुपर्छ। मातृभाषा सिकाइ सफल कार्यान्वयन गर्न सामुदायिक र वित्तीय रूपमा समेत सबलता आवश्यक रहेको छ। पाठ्यपुस्तक, पाठ्यसामग्री, शिक्षक व्यवस्थापन, प्रशिक्षण, प्रचारप्रसारजस्ता कुरा महत्त्वपूर्ण रहेकोले समुदायको साझेदारी बढाउन सकिएमा यसले सार्थकता पाउने छ। मातृभाषामा सिकाइ कार्यान्वयन गर्न सकिएमा अल्पसङ्ख्यक समुदायका बालबालिकालाई पनि गुणस्तरीय शिक्षा दिन सकिन्छ। मातृभाषामा शिक्षा दिनाले विद्यार्थीको मातृभाषामा उपलब्धि उच्च हुने, विद्यार्थीले अतिरिक्त भाषिक दक्षता हासिल गर्न सक्ने र सिकाइ प्रक्रियामा विद्यार्थीको सक्रिय सहभागिता रहन्छ। उल्लिखित पूर्वकार्यमा समावेश विचारले प्रस्तुत अध्ययनका लागि सहयोग मिलेको छ।

मातृभाषा शिक्षाले स्थानीय भाषालाई औपचारिक प्रणालीमा जोड्दछ। समुदायको आवश्यकताअनुसार मातृभाषा शिक्षाको प्रयोग गर्नुपर्दछ। दोर्थे र ट्ुडेल (सन् २००८) ले प्रभावकारी सिकाइका

लागि मातृभाषामा शिक्षा दिनुपर्ने सन्दर्भ उल्लेख गरिएको पुस्तकमा वर्तमान अवस्थामा विश्वभरमा अल्पसङ्ख्यक भाषाहरू औपचारिक शिक्षामा कम प्रयोग भएको उल्लेख गरेका छन् । मानिसहरूमा भाषिक चेतनाको विकास हुँदै गएकोले विश्वका अल्पसङ्ख्यक समुदायले प्रयोग गर्ने भाषाको लोप हुने कार्य रोकी भाषिक अधिकारको सम्मान गर्नुपर्ने उल्लेख गरिएको छ । अल्पसङ्ख्यक समुदायको भाषिक सांस्कृतिक अधिकारको सम्मान गरी बहुभाषिक समाजको सम्पदा संरक्षण गर्नुपर्ने आवश्यकता रहेको छ । कुनै पनि भाषिक समुदायलाई उपेक्षा गरेर शिक्षाको महत्त्व नरहने भएकोले मातृभाषालाई बलियो बनाउन मातृभाषा शिक्षा लागु गर्नुपर्ने विचार प्रस्तुत गरेका छन् । प्रारम्भिक तहका बालबालिकालाई मातृभाषा शिक्षा प्रदान गर्न सकिएमा पछि गएर उनीहरू दोस्रो भाषा सिकाइमा सक्षम बन्न सक्छन् । मातृभाषा शिक्षा प्रारम्भिक कक्षाका बालकालिकाले रुचिपूर्वक अध्ययन गर्ने र पछि दोस्रो भाषा सिकाइमा पनि उत्तिकै सफल बन्ने आशय प्रस्तुत गरिएको छ ।

मातृभाषा शिक्षा स्थान विशेषमा आधारित हुन्छ । फेसर र थोमस (सन् २०१२) का अनुसार स्थान विशेषमा आधारित पाठ्यक्रमको विकास भएको उल्लेख गरेका छन् । स्थानीय समुदाय र संघसंस्थाहरूले शिक्षण सिकाइको दीगोपनका लागि दीर्घकालिन गतिविधि गर्न थालेकोले यसबाट मानिसको ज्ञान र सिपमा परिवर्तन हुन थालेको छ । क्षेत्र विशेषमा आधारित पाठ्यक्रमले विकसित र अविकसित, गाउँ र सहरबिचको भिन्नता हटाइ आफ्नो स्थानमा आधारित पाठ्यक्रमको विकास गर्न मद्दत पुग्दछ । पाठ्यक्रमको स्थानीयकरणले गर्दा कुनै पनि समुदायको सामाजिक, वातावरणीय तथा भाषिक विकासको लागि महत्वपूर्ण भूमिका खेल्दछ । पाठ्यक्रम निर्माणमा स्थानीय विशेषता झल्किने गरी पाठ्यक्रममा उल्लेख गरिन्छ । सामाजिक ज्ञानको सिद्धान्तका आधारमा पाठ्यक्रम निर्माण गरिन्छ । स्थानीय तहका ज्ञानको पहुँच माथिसम्म हुने गर्दछ । पाठ्यक्रममा स्थानीय समुदाय, संस्कृतिका बारेमा उल्लेख हुने भएकोले त्यो पाठ्यक्रम सफल बन्दछ । मातृभाषा शिक्षा कार्यान्वयनका लागि पाठ्यक्रम आवश्यक रहने कुरालाई प्रस्तुत पूर्व अध्ययनले सूचित गरेको छ ।

समुदायमा प्रचलित मातृभाषाको प्रयोग गरी शिक्षण गरिएमा आधारभूत तहको सिकाइ फलदायी हुन सक्दछ । ब्यारेनेचे (सन् २०१३) का अनुसार परम्परागत भाषा र साहित्यलाई मातृभाषा पाठ्यक्रममा महत्त्व दिन सकिएमा त्यसले दूरगामी प्रभाव पार्ने जनाएका छन् ।समुदायमा प्रचलित भाषामा तयार पारिएको पाठ्यक्रमको महत्त्व फरक हुन्छ । स्थानीय भाषामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरेमा त्यो सिकाइ पनि प्रभावकारी हुने धारणा प्रस्तुत गरिएको छ । समुदायमा प्रचलित मातृभाषा शिक्षा कार्यान्वयन गरेमा त्यो समाजमा शिक्षाप्रतिको दृष्टिकोण पनि सकारात्मक हुन्छ । शैक्षिक संस्थाको गरिमा उच्च राख्न पनि स्थानीय मातृभाषा शिक्षा कार्यान्वयनको महत्त्व रहेको जोड दिइएको छ । आधारभूत तहका कक्षामा स्थानीय मातृभाषामा शिक्षा प्रदान गरिएमा त्यसको प्रभाव सकारात्मक रूपमा पर्न जान्छ ।

बालबालिकालाई प्रारम्भिक शिक्षा मातृभाषामा दिनाले उनीहरूको सिकाइमा बलियो आधार निर्माण हुन्छ । योनाथन (सन् २०१४) का अनुसार मातृभाषा शिक्षा भनेको शिक्षाको माध्यमका रूपमा बालकले प्रारम्भिक बाल्यकालमा सिकेको भाषालाई बुझाउँछ । मातृभाषा शिक्षाले सिकाइ उपलब्धिमा सुधार, विद्यालय छाड्ने दर कम, विद्यालयमा बालबालिकाको राम्रो समायोजन, सांस्कृतिक संरक्षण र बालकको आत्मविश्वासलाई समेत जोड दिन्छ । मातृभाषा एउटा प्रतीकात्मक कोड हो । यसलाई मानव सम्बन्धहरू

सिर्जना गर्न र कायम राख्नका लागि प्रयोग गरिन्छ।

स्थानीय आवश्यकताका आधारमा स्थानीय सरोकारवालाको सहभागितामा निर्माण र कार्यान्वयन गरिने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो। प्राथमिक तहको पाठ्यक्रम निर्माण निर्देशिकाले स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता, विषय क्षेत्र, विषयवस्तु, शैक्षणिक अवस्था, सामग्रीको निर्माण गरी स्थानीय परिवेशको शिक्षा दिने कुरालाई स्थानीय पाठ्यक्रमको सैद्धान्तिक अवधारणा स्वीकारेको छ (पाविके, २०७६, पृ.४-५)। स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनसम्बन्धी स्रोत सामग्री, २०६८ अनुसार स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई समेटी तयार पारिएको पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम रहेको उल्लेख गरिएको छ। यस आधारमा मातृभाषामा पाठ्यक्रम निर्माण र कार्यान्वयनको सैद्धान्तिक अवधारणा स्थापित गरिएको छ।

स्थान विशेषमा आधारित शिक्षाको शिद्धान्तले वातावरण तथा ग्रामीण जनजीवनको संरक्षणका लागि समुदायलाई सचेत र सक्रिय बनाउन स्थानीय ज्ञानलाई विद्यार्थीसामु फरक ढङ्गले राख्न आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयन हुनुपर्नेमा जोड दिएको छ (पाविके, २०७६, पृ. ५)। मातृभाषा शिक्षा कार्यान्वयनको विषयमा सामाजिक पुनर्संरचनावादी सिद्धान्त र क्षेत्र विशेषमा आधारित पाठ्यक्रममा विशेष जोड दिइएको छ। स्थानीय पाठ्यक्रम अन्य पाठ्यक्रम जस्तै उद्देश्यमा आधारित हुन्छ। स्थानीय पाठ्यक्रमलाई अलग्गै विषयका रूपमा नलिई कुनै ज्ञान, सिप, सक्षमता तथा अभिवृत्तिलाई विद्यार्थीको जीवन, कार्य वा पूर्व अनुभवसँग अन्तरसम्बन्धित गरेर अर्थपूर्ण र सान्दर्भिक बनाउने प्रक्रियाका रूपमा लिने दृष्टिकोण रहेको छ ( पृ. ६)। विद्यार्थीको रुचि र क्षमतालाई केन्द्रमा राखेर स्थानीय भाषा पाठ्यक्रम कार्यान्वयनको सैद्धान्तिक मान्यता स्थापित भएको छ।

मातृभाषा पाठ्यक्रमसम्बन्धी सैद्धान्तिक अवधारणाहरू प्रशस्त छन्। बर्नार्ड स्पोल्स्कीको 'भाषा व्यवस्थापन' शीर्षकको पुस्तकमा उनले भाषासम्बन्धी नीतिको बारेमा उल्लेख गरेका छन्। भाषा नीतिको सिद्धान्त भनेको भाषा समुदायद्वारा मान्यता प्राप्त ढाँचाका आधारमा छनौट हुनुपर्छ भन्ने हो। भाषा कुनै नियमद्वारा शासित हुन्छ। वक्ताहरूले आफ्नो भाषा छनौट गरेका हुन्छन् (स्पोल्स्की, सन् २००४, पृ.१)। भाषा तीनवटा मान्यतामा आधारित हुन्छ। जसमा पहिलो भाषा घर र विद्यालयमा प्रयोग हुन्छ। भाषा सिकाइका लागि उद्देश्य निर्धारण गरिएको हुन्छ। त्यो उद्देश्य साधारण र विशिष्ट हुन्छ। दोस्रो मान्यताअनुसार भाषालाई विश्वास, अभ्यास र व्यवस्थापनका रूपमा उल्लेख गरिएको छ। मातृभाषा विश्वासमा सिकाइ हुन्छ। विद्यालयमा मातृभाषाको सिकाइका लागि अभ्यासको आवश्यकता पर्दछ। त्यसैगरी मातृभाषा सिकाइमा उचित व्यवस्थापनको आवश्यकता हुन्छ। तेस्रो मान्यताअनुसार मातृभाषा आन्तरिक र बाह्य प्रभावमा केन्द्रित हुन्छ। भाषासम्बन्धी नीतिलाई विचारधारा (विश्वास), परिस्थिति (अभ्यास) र योजना (व्यवस्थापन) का रूपमा उल्लेख गरिएको छ। कुनै समुदायमा भाषाको माध्यमबाट महत्वपूर्ण विचारको प्रादुर्भाव हुने कुरा भाषानीतिमा उल्लेख छ।

भाषा मानिसको अभ्यासमा आधारित हुन्छ। स्पोल्स्की (सन् २००४) का अनुसार भाषासम्बन्धी अभ्यास मानिसहरूले गर्ने भाषाको चयनमा आधारित हुन्छ (पृ. ५)। मातृभाषा समुदायले प्रयोग गर्ने आधारमा

ध्वनी, शब्द र व्याकरणमा आधारित हुन्छ। मातृभाषाको शब्दहरू सामाजिक अन्तरक्रियाका आधारमा आकार ग्रहण गर्ने खालका हुन्छन् । व्यक्तिले आफ्नो अनुकुलतामा भाषाको प्रयोग गर्न सक्दछ। भाषा व्यवस्थापन भनेको भाषा अभ्यासलाई प्रभाव पार्ने प्रयास हो । भाषा व्यवस्थापनले भाषिक नीति निर्माणमा पनि सहयोग पुर्याउँदछ। भाषा व्यवस्थापनले कुनै व्यक्तिको भाषा छनोटमा प्रभाव पारेको हुन्छ। भाषा व्यवस्थापन नीतिसँग सम्बन्धित छ। भाषाको व्यवस्थापनले भाषाको नीति निर्माण गर्न लिखित मान्यता स्थापित गर्दछ।

भाषा समुदायका सदस्यहरूको व्यक्तिगत सहमतिपूर्ण व्यवहार र विश्वासमा निर्भर हुन्छ। भाषा भाषण समुदायबाट विकसित हुन्छ। कुनै भाषा बोल्ने समुदायमा प्रचलित भाषा जीवित हुन्छ। स्पोल्स्की (सन् २००७) का अनुसार भाषण समुदाय मानिसहरूको समूह पनि हो ( पृ. २) । घर वा परिवार, विद्यालय, छिमेक, चर्च, कार्यस्थल, सार्वजनिक मिडिया वा सरकार हरेक स्थानमा मातृभाषाको प्रयोग गरिएको हुन्छ।  व्यक्ति स्थानअनुसार फरक-फरक भूमिकामा हुन्छन् । उनीहरूको सामाजिक सम्बन्ध र भूमिका स्थानअनुसार फरक हुन्छ। परिवार, विद्यालय, कार्यस्थल हरेक स्थानमा फरक-फरक भूमिका रहेको हुन्छ। व्यक्ति जहाँ भए पनि त्यही परिवेशअनुसार भाषाको प्रयोग गर्छ। कुनै व्यक्ति आफ्नो समुदायको विभिन्न स्तरहरूमा सहभागी हुन्छ । कुनै व्यक्तिको विभिन्न स्थानमा फरक भूमिका हुन्छ। व्यक्ति विभिन्न स्थानमा सहभागी हुनाको कारण ऊ हरेक स्थानको भाषासँग परिचित भएको भनी बुझ्न सकिन्छ। हरेक भाषाहरू आन्तरिक र बाह्य अभ्यासद्वारा विकसित हुन्छन् । भाषा नीति अभ्यास, विश्वास वा विचार र व्यवस्थापनसँग सम्बन्धित हुन्छ। परिवारदेखि राज्यस्तरसम्म भाषाको महत्व रहेको हुन्छ। भाषाले सञ्चारको व्यवस्थापन अर्थात् व्यक्तिको विचार आदानप्रदानमा भूमिका निर्वाह गरेको हुन्छ। भाषिक नीति निर्माण गरी कार्य व्यवहारमा लैजाँदा विभिन्न खालका अवरोधहरू पनि सिर्जना हुन सक्छन् ।

कुनै पनि राज्यमा भाषा नीति प्रभावकारी हुनुपर्छ। कुनै पनि भाषालाई बेवास्ता गरी त्यसको अस्तित्व स्वीकार नगरेमा राज्य नै असफल बन्न सक्छ। पहिला कुनै राज्य अर्को देशको औपनिवेशिक अवस्थामा रहँदा भाषा पनि उसकै स्वीकार गर्नुपर्थ्यो । तर पछि राज्य स्वतन्त्र भएपछि भाषाको व्यवस्थापन हुने प्रक्रिया सुरु भएको हो । विश्वयुद्धको प्रभाव विशेष गरी अफ्रिकी र एशियाका देशमा परेको थियो । दोस्रो विश्वयुद्धपछि अफ्रिका, एसिया र प्यासिफिकका राज्यहरू स्वतन्त्र हुन थाले (स्पोल्स्की, सन २०१८, पृष्ठ ३२४) । ती राज्यहरूमा साम्राज्यवादी वा औपनिवेशिक भाषा नीतिहरू प्रतिस्थापन गर्ने वा नगर्ने भन्ने कुरामा विचार गर्न थाले । पश्चिमी विज्ञहरूको मुख्य चासो आदिवासीहरूको भाषालाई प्रोत्साहन गर्ने, ती भाषाको भूमिका स्थापित गर्ने र उनीहरूबाट राज्यमा भूमिका बढाउनेतर्फ स्थापित गर्नु रहेको थियो । केन्द्रीय सरकारले योजना तथा नीतिहरू निर्माण गर्दा स्थानीय भाषालाई मान्यता दिने गरी उल्लेख गर्नुपर्नेमा विशेष जोड दिन थाले। भाषिक विविधताका कारण उत्पन्न समस्याको समाधानमा उनीहरूले जोड दिएका थिए। यस्तै क्रममा सोभियत संघमा भाषा व्यवस्थापन गर्न असफल हुनाको कारणले ऊ आफ्नो लक्ष्य हासिल गर्न सकेन। अफ्रिकी राज्यहरूले जात पहिचान भएका भाषालाई स्थापित गर्ने लक्ष्य राखेका छन् । भाषा स्थापित हुन मुख्य रूपमा राज्यको नीति स्पष्ट हुनु आवश्यक छ।

बालबालिकालाई विद्यालय तहका प्रारम्भिक कक्षामा मातृभाषा शिक्षाको व्यवस्था हुनुपर्दछ। स्पोल्स्की (सन् २०१८) का अनुसार विद्यालय तहमा बालबालिकालाई औपनिवेशिक भाषा भन्दा आफ्नै


मातृभाषामा शिक्षा दिँदा प्रभावकारी हुन्छ ( पृष्ठ ३२४) । अफ्रिकी विद्यालयहरूमा फ्रेन्च भाषामा शिक्षा दिनाले बालबालिकाले उद्देश्यअनुरूप सिकाइ कार्य पूरा गर्न सकेनन् । उनीहरू मध्ये जम्मा पच्चीस प्रतिशत विद्यार्थी मात्र सफल भएका थिए । विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्दा बालबालिकालाई ६ वर्षको शिक्षा उनीहरूको मातृभाषामा दिनुपर्ने प्रतिवेदन पेश भएको थियो । तर भाषिक नीति तयार पारेको सत्तरी वर्षसम्म पनि गम्भीर रूपमा कार्यान्वयन भएको थिएन ।

केन्द्रीकृत भाषा योजना भन्दा स्थानीय स्तरमा लागु गर्ने गरी निर्माण गरिएको योजना सफल हुन्छ । स्पोल्स्की (सन् २०१८) का अनुसार केन्द्रिकृत भाषा योजना कतै पनि सफल भएको छैन (पृष्ठ ३२५) । म्यानमारमा पनि आइरिस भाषामा शिक्षा दिनाले त्यो सफल हुन सकेन । आफै आफ्नो मातृभाषालाई प्राथमिकतामा राखी नीति निर्माण गर्ने देश सफल बने भने अंग्रेजी भाषाको दास बनेका मुलुक सफल भन्दा असफल बन्दै गए । प्यालेस्टाइनमा आफ्नो हिब्रु भाषालाई स्थापित गरी विकास कार्य अगाडि बढ्यो । तर ब्रिटिसको अंग्रेजी भाषालाई स्वीकार गरेको इजरायल धेरै पछि मात्र स्थापित भयो । सन १९४८ मा मात्र इजर ायलको स्थापना भयो ( पृष्ठ ३२५) । भाषाको सन्दर्भमा सामाजिक परिस्थितिभित्र आफ्नै प्रकारको विविधता रहेको हुन्छ । समाजमा रहने मानिसहरू फरक-फरक भाषा प्रयोग गर्न सक्छन् तर उनीहरू एकअर्कामा भने प्रभावित हुन्छन् । विद्यालय र धार्मिक नेताहरूले भाषाका सन्दर्भमा आफ्नो वर्चश्व कायम राख्नका लागि हस्तक्षप गर्न सक्छन् । व्यवसाय तथा अस्पतालहरूमा पनि भाषाको महत्व रहेको हुन्छ (पृष्ठ ३२६) । यसरी र ाज्यमा भाषा व्यवस्थापन गर्दा आफ्नो मौलिक मातृभाषालाई स्थापित गर्ने गरी नीति तयार पार्नु आवश्यक रहेको हुन्छ

आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनका लागि उल्लिखित सैद्धान्तिक पर्याधारका आधार मा मातृभाषा शिक्षा कार्यान्वयनमा देखिएका समस्यामा स्थानीय मातृभाषा शिक्षा पाठ्यक्रम निर्माणका लागि विज्ञको अभाव, केन्द्रीय पाठ्यक्रममा मात्र भर पर्नु पर्ने बाध्यात्मक अवस्था, मातृभाषा शिक्षा कार्यान्वयनमा समुदायको चासो नहुनु, दक्ष मातृभाषा शिक्षा विषय शिक्षकको उपलब्धता नुहुनु, आर्थिक रूपमा सवल अवस्था नभएपछि दक्ष शिक्षक टिकाउ नहुनु, स्थानीय मातृभाषाको लिपि नहुनु, मातृभाषा शिक्षा कार्यान्वयनका लागि शैक्षिक सामग्रीको व्यवस्थापन नहुनु र योजनावद्ध शिक्षण कार्यको अभाव रहेका छन् । मातृभाषा शिक्षा कार्यान्वयनमा देखिएका समस्याको समाधानका लागि राज्यले नीतिगत व्यवस्थापन गर्नु आवश्यक, स्थानीय तहले नै पाठ्यक्रम निर्माण गर्नुपर्ने, पाठ्यक्रम निर्माणमा सरोकारवालाको चासो हुनुपर्ने, विद्यालयमा वजेट व्यवस्थापन हुनुपर्ने, बहुसङ्ख्यक समुदायका मानिसले प्रयोग गर्ने मातृभाषामा शिक्षा दिने व्यवस्था हुनुपर्ने, पाठ् यक्रम स्थानीय मोडलमा तयार पार्नुपर्ने, मातृभाषा शिक्षा कार्यान्वयनका लागि अनुगमन कार्य प्रभावकारी हुनुपने ं, शिक्षकलाई मातृभाषा शिक्षा अध्यापनसम्बन्धी तालिमको व्यवस्था हुनुपर्ने, स्थानीय ज्ञान, सिप समावेशहुनुपर्ने रहेका छन् ।

**चित्र १:**

*अवधारणात्मक ढाँचा*



**अध्ययन विधि र पक्रिया**

प्रस्तुत लेख बहुल सत्यमा आधारित छ। आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनका समस्या र समाधानका उपायसम्बन्धमा प्रस्तुत लेख स्थानीय भाषिक ज्ञानको खोजीमा केन्द्रित छ। मातृभाषा शिक्षा कार्यान्वयनका समस्या र समाधानका उपायसम्बन्धमा प्राप्त सामग्रीको सापेक्षताका दृष्टिले व्याख्या विश्लेषण गरिएको छ। लेखको दार्शनिक दृष्टिकोण बहुल सत्य, भाषिक ज्ञान र मूल्य सापेक्षतामा आधारित छ।

आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनका अभ्यासहरूको खोजी लेखमा गरिएको छ। आधारभूत तहका कक्षा १–५ मा मातृभाषा शिक्षा कार्यान्वयनको समस्या र समाधानका उपायसम्बन्धमा व्याख्यात्मक ढाँचाको प्रयोग गरिएको छ। लेख गुणात्मक अनुसन्धान विधिमा आधारित छ। गुणात्मक अनुसन्धान विधिअन्तर्गत फेनोमेनोलोजिक अध्ययन विधिलाई उपयोग गरी लेखलाई निष्कर्षमा पुर्‍याइएको छ। यसका लागि क्षेत्रकार्य, अन्तर्वार्ता, लक्षित समूह छलफलको प्रयोग गरिएको छ। गुणात्मक अनुसन्धान सामाजिक विज्ञान हो। खान्यिले (सन् २०२१) का अनुसार गुणात्मक अनुसन्धानबाट अनुसन्धानकर्तालाई लक्षित जनसङ्ख्या वा स्थानहरूको अध्ययनमार्फत् सामाजिक जीवन बुझ्नका लागि सहज हुन्छ (पृ. ६)। प्रस्तुत लेखमा लुम्बिनी प्रदेश रुपन्देही जिल्लाअन्तर्गत देवदह नगरपालिका वडा नं. ५ खैरेनीस्थित मातृभाषा माध्यमिक विद्यालयलाई अध्ययनको नमुना छनोट गरिएको छ। उक्त विद्यालयमा मगर र गुरुङ मातृभाषा विषय अध्यापन गर्ने शिक्षक र मातृभाषा शिक्षा विषय अध्ययन गरिरहेका विद्यार्थीबाट तथ्याङ्क सङ्कलन गरिएको छ। छनोटमा परेका शिक्षक तथा विद्यार्थीबाट उद्देश्यमुलक नमुना छनोट विधिको आधारमा छनोट गरी तथ्याङ्क सङ्कलन गरिएको छ।

तथ्याङ्क सङ्कलनका लागि मगर र गुरुङ मातृभाषा विषय शिक्षक र विद्यार्थीलाई लिइएको छ। से कनर र बोगी (सन् २०१६) का अनुसार शोधकर्ताले समूहको प्रत्येक सदस्यबाट तथ्याङ्क सङ्कलन गर्न सक्दैन (पृ. २३७)। जिमे (सन् २०२० ) का अनुसार गुणात्मक अनुसन्धानमा नमुनाको आकारसम्बन्धमा कुनै निश्चित मापदण्ड छैन। नमुना अध्ययन गरी आवश्यकताअनुसार सामान्यीकृत गर्नुपर्छ। नमुनालाई अध्ययनको जनसङ्ख्याबाट प्रतिनिधि समूह चयन गर्ने प्रक्रियाका रूपमा लिइन्छ। खान्यीले (सन् २०२१) का अनुसार नमुनाका आधारमा तथ्याङ्क सङ्कलन गरी सामान्यीकरण गर्नुपर्दछ (पृ.८)। प्रस्तुत लेखमा प्राथमिक र द्वितीयक तथ्याङ्कको उपयोग गरिएको छ। लिडली र इलिच (सन् २०१३) का अनुसार गुणात्मक अनुसन्धानमा तथ्याङ्क सङ्कलनका उपकरणमा अन्तर्वार्ता, लक्षित समूह छलफल, अवलोकन र कागजातको विश्लेषण हो (पृ. १५१)। प्रस्तुत लेखमा गहन अन्तर्वार्ताका आधारमा तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको छ।

**आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनका समस्याहरू**

आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनमा देखिएका समस्याका सम्बन्धमा सङ्कलित सामग्री तथा पूर्व अध्ययनका आधारमा प्रस्तुत लेखमा विश्लेषण गरिएको छ। विश्लेषणका आधारहरूमा सङ्कलित तथ्याङ्कबाट प्राप्त सामग्रीलाई उपयोग गरी उल्लेख छ। आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनका

समस्याहरू निम्नअनुसार प्रस्तुत गरिएको छ।

**स्थानीय मातृभाषा शिक्षा पाठ्यक्रम निर्माणमा विज्ञको अभाव**

आधारभूत तहमा स्थानीय मातृभाषा शिक्षा कार्यान्वयनका लागि स्थानीय तहले भाषा पाठ्यक्रम निर्माण गर्नु आवश्यक छ। स्थानीय तहमा स्थानीय विज्ञ व्यक्तिको अभाव छ। हालसम्म स्थानीय तहमा कुनै पनि मातृभाषामा विज्ञ व्यक्ति उपलब्ध छैनन्। यस्तो अवस्थामा स्थानीय तहमा स्थानीय मातृभाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकासका लागि सम्बन्धित भाषिक समुदायका जानकार व्यक्तिहरूलाई संलग्न गराई पाठ्यसामग्री विकास गर्न पाठ्यक्रम विकास केन्द्रले 'मातृभाषाको पाठ्यक्रम पाठ्यपुस्तक विकासका लागि मार्गदर्शन पुस्तिका ' (२०७०) र 'स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित) २०७६ तयार पारेको छ। पाठ्यक्रम विकास केन्द्रको मार्गदर्शनका आधारमा स्थानीय मातृभाषा पाठ्यक्रम निर्माण भई कार्यान्वयन प्रक्रिया सुरु भएको छ। तथापि उपयुक्त विज्ञ व्यक्तिको भने अभाव रहनु आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनको प्रमुख समस्या हो।

**केन्द्रीय पाठ्यक्रमको भर पर्नुपर्ने बाध्यता**

आधारभूत तहमा कार्यान्वयन भएका स्थानीय भाषा पाठ्यक्रम अफसम्म पनि धेरै स्थानीय तहले निर्माण गरेका छैनन्। जसले गर्दा पाठ्यक्रम विकास केन्द्रले तयार पारेको केन्द्रीय पाठ्यक्रमको भर पर्नुपर्ने बाध्यात्मक अवस्था छ। स्थानीय मातृभाषा शिक्षा पठनपाठन गरेका लुम्बिनी प्रदेश रुपन्देही जिल्लास्थित देवदह नगरपालिका वडा नं.५ मा रहेको मदर टङ्स माध्यमिक विद्यालयमा पाठ्यक्रम विकास केन्द्रले निर्माण गरेको स्थानीय मातृभाषा पाठ्यक्रम कार्यान्वयन भएको छ। यसो हुनुको प्रमुख कारण स्थानीय तहले भाषा पाठ्यक्रम निर्माण गर्न नसकी केन्द्रीय पाठ्यक्रमको भर पर्नुपर्ने बाध्यात्मक अवस्था हो।

**स्थानीय समुदायको चासो नहुनु**

आधारभूत तहमा स्थानीय भाषा पाठ्यक्रम कार्यान्वयनको अर्को समस्या स्थानीय समुदायको चासो नहुनु हो। स्थानीय समुदायले बोल्ने मातृभाषामा स्थानीय भाषा पाठ्यक्रम निर्माण भएपश्चात् पनि समुदायमा कार्यान्वयनको चासो नहुनाले समस्या देखिएको छ। दाङ जिल्लाको तुलसीपुर उपमहानगरपालिकास्थित बेलुवा गाउँमा अधिक मानिसले बोल्ने थारू मातृभाषामा पाठ्यक्रम निर्माण गरे पनि स्थानीय सरोकारवालाहरूले कार्यान्वयनमा चासो देखाएका छैनन्। सरकारी कार्यालयमा कामकाजको माध्यम भाषा थारू भाषालाई प्रयोग गरिए पनि बेलुवा आधारभूत विद्यालयमा प्रभावकारी कार्यान्वयन गर्नका लागि स्थानीय समुदायको चासो छैन। जसको कारण स्थानीय मातृभाषा शिक्षा कार्यान्वयनमा समस्या देखिएको छ।

**दक्ष भाषा शिक्षकको अभाव**

पाठ्यक्रम कार्यान्वयन गर्ने सबैभन्दा महत्वपूर्ण पक्ष शिक्षक हो। शिक्षकले पाठ्यक्रमको सही कार्यान्वयन गर्न सक्छ। पाठ्यक्रमको मर्मअनुसार शिक्षकले विद्यार्थीलाई शिक्षण गर्न सक्दछ (होपम्यान, सन २००३, पृ. ४७२)। स्थानीय मातृभाषा शिक्षालाई सफल रूपमा शिक्षण गर्न शिक्षकको भूमिका महत्वपूर्ण र

हन्छ । स्थानीय मातृभाषा पाठ्यक्रमले विशेष गरी शिक्षकलाई थप जिम्मेवार बनाउन खोजेको छ । आधारभूत तहमा स्थानीय मातृभाषा शिक्षा कार्यान्वयनको अर्को समस्या दक्ष भाषा शिक्षकको अभाव हुनु हो । आधारभूत विद्यालयमा स्थानीय मातृभाषा शिक्षा कार्यान्वयन भए पनि स्थानीय मातृभाषामा अध्यापन गर्ने दक्ष शिक्षक छैनन् । विद्यालयले दक्ष स्थानीय मातृभाषा शिक्षकको खोजी गरे पनि उपलब्ध नहुनाले स्थानीय मातृभाषा शिक्षा कार्यान्वयनमा समस्या छ । सरकारले स्थानीय मातृभाषा विषय अध्यापन गर्ने शिक्षकको व्यवस्था हालसम्म गरेको छैन । विद्यालयले स्थानीय तहमा उपलब्ध व्यक्तिलाई मातृभाषा शिक्षकका रूपमा नियुक्ति गर्दा दक्ष शिक्षक उपलब्ध हुन कठिन छ । स्थानीय मातृभाषामा दक्ष शिक्षकको अभावका कारण स्थानीय मातृभाषा शिक्षा कार्यान्वयनमा समस्या रहेको छ ।

**आर्थिक सुविधा नहुनाले दक्ष शिक्षक टिकाउ नहुने समस्या**

आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनका लागि राज्यले नीतिगत व्यवस्था गरेको छ । तर उक्त मातृभाषा शिक्षा कार्यान्वयन गर्न शिक्षकका लागि आवश्यक वजेट व्यवस्था गरेको छैन । विद्यालयको आन्तरिक आर्थिक स्रोतमा शिक्षक व्यवस्थापन गर्ने बाध्यात्मकता छ । विद्यालयसँग आर्थिक अभाव हुनाले विद्यालयले चाहेजस्तो शिक्षक उपलब्ध हुन कठिन छ । सुरुसुरुमा स्थानीय मातृभाषा विषय अध्यापन गने ँ शिक्षक व्यवस्थापन भए पनि आर्थिक सुविधा नहुनाले उक्त शिक्षक लामो समय विद्यालयमा टिकाउ हुँदैन । केही महिनापछि स्थानीय भाषा विषय शिक्षकले अध्यापन कार्य छाड्नाले विद्यालयले स्थानीय भाषा विषय अध्यापन गर्ने अर्को शिक्षक प्राप्त गर्न सक्दैन । दक्ष मातृभाषा शिक्षकको अभावमा स्थानीय मातृभाषा विषय कार्यान्वयनमा समस्या उत्पन्न हुन्छ । यससम्बन्धमा मातृभाषा शिक्षा कार्यान्वयन भएको मदर टङ्स एकेडेमीका प्राचार्यको भनाइ यस्तो रहेको छ –

> *मातृभाषा शिक्षाको लागि सबैभन्दा महत्त्वपूर्ण भाषा शिक्षक हो । मातृभाषा शिक्षकको व्यवस्थापन नहुँदा पठनपाठन सफल हुन सक्दैन । शिक्षक उपलब्ध भए पनि सेवा सुविधाका कारण छोटो समयमा नै विद्यालय छाड्ने समस्या रहने भएकोले मातृभाषा शिक्षक व्यवस्थापन गर्नु महत्त्वपूर्ण रहन्छ ।*

**स्थानीय भाषाको लिपि विकास नहुनु**

आधारभूत तहमा हाल स्थानीय भाषा पाठ्यक्रम कार्यान्वयन भएका छन् । स्थानीय भाषा पाठ्यक्रम देवनागरी लिपिमा तयार पारिएको छ । कतिपय स्थानीय भाषाको आफ्नै लिपिको विकास नहुनाले सामान्य रूपमा भाषिक ज्ञान र बोलिचालीमा मात्र स्थानीय भाषा प्रयोग भएको छ । स्थानीय भाषाको आफ्नै लिपि विकास नभएको कारण पनि स्थानीय भाषा पाठ्यक्रम कार्यान्वयनमा समस्या देखिएको छ । रुपन्देही जिल्लाको देवदह नगरपालिकास्थिा मदरटङ्स एकेडेमीमा मगर र गुरुङ मातृभाषामा पठनपाठन भएको छ । उक्त विद्यालय निजी तहमा सञ्चालित विद्यालय भए पनि मगर र गुरुङ भाषामा अध्ययन गर्ने बालबालिकालाई भाषाको लिपि समेत सिकाइएको छ । स्थानीय तहले हालसम्म पनि लिपिको विकास गरेका छैनन् । पाठ्यक्रम विकास केन्द्रले तयार पारेको लिपिका आधारमा बालबालिकालाई मातृभाषा शिक्षाको पठनपाठन गराइएको छ ।

**शैक्षिक सामग्रीको उचित व्यवस्थापन नहुनु**

आधारभूत तहमा स्थानीय भाषा पाठ्यक्रमका आधारमा पठनपाठन गर्दा उपयुक्त शैक्षिक सामग्रीको प्रयोग गर्न सकिएमा त्यो सिकाइ फलदायी हुन्छ। शैक्षिक सामग्री भनेको भाषा सिकाइका लागि महत्वपूर्ण हुन्छ। आधारभूत तहमा कार्यान्वयन भएको स्थानीय मातृभाषा शिक्षा कार्यान्वयनको लागि उपयुक्त शैक्षिक सामग्री व्यवस्थापन हुन सकेको छैन। सम्बन्धित स्थानीय मातृभाषा शिक्षक स्वयम्ले शैक्षिक सामग्री सम्बन्धमा उपयुक्त तरिकाले व्यवस्थापन गरी प्रयोग गर्न आवश्यक छ। शैक्षिक सामग्रीको उचित व्यवस्थापन नहुनाले स्थानीय भाषा पाठ्यक्रम कार्यान्वयनमा समस्या देखिएको छ।

**योजनावद्ध कार्यको समस्या**

स्थानीय मातृभाषा शिक्षा योजनावद्ध कार्यान्वयन हुनु आवश्यक छ। यस्तो शिक्षाले विद्यार्थीमा आफ्नोपनको भावना विकास गराउनुपर्छ। यदि विद्यालय शिक्षालाई अभ्यास गरिएको ठाउँसँग जोडिएको छैन भने यसले शिक्षण र सिकाइको सान्दर्भिकता सुनिश्चित गर्दैन। यसले विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूबिच आफ्नोपनको भावनालाई बढावा दिन सक्दैन (वाग्ले, लुइँटेल र क्रो, २०१९, पृ. ३५)। आधारभूत तहमा स्थानीय मातृभाषा शिक्षा कार्यान्वयन गर्दा सम्बन्धित सरोकारवालाहरूले उचित योजना निर्माण गरी अगाडि बढ्नुपर्दछ। स्थानीय मातृभाषा शिक्षा कार्यान्वयनका लागि सम्बन्धित सरोकारवाला पक्षले आ-आफ्नो जिम्मे वारीअनुसारको योजना निर्माण गर्नुपर्छ। स्थानीय पालिका प्रमुख, शिक्षा अधिकारी, विद्यालय व्यवस्थापन समिति, सम्बन्धित भाषा विज्ञ, विद्यालय प्रशासन, शिक्षकका तर्फबाट जिम्मेवारीअनुसारको योजना निर्माण गर्न सकिएमा स्थानीय मातृभाषा शिक्षा कार्यान्वयन पक्ष प्रभावकारी हुन्छ। तर त्यसो नहुनाले स्थानीय मातृभाषा शिक्षा कार्यान्वयनमा समस्या देखिएको छ। मातृभाषा शिक्षा कार्यान्वयन भएको विद्यालय व्यवस्थापन समिति अध्यक्षको भनाइ यस्तो रहेको छ :

> *मातृभाषा शिक्षा कार्यान्वयनका लागि योजनाबद्ध लाग्नुपर्दछ। विद्यालयसँग जिम्मेवार सबैले योजना बनाइ काम गरे मा मातृभाषा शिक्षा प्रभावकारी कार्यान्वयन गर्न सकिन्छ। हामीले विद्यालयमा कार्यान्वयन भएको मातृभाषा शिक्षा अझ प्रभावकारी बनाउन शिक्षकलाई योजना निर्माण गरी शिक्षण गर्न लगाएका छौँ। शिक्षकले तयार पारेको योजना कक्षाकोठामा प्रभावकारी बनाउन लगाएका छौँ। यसको कारण मातृभाषा शिक्षा कार्यान्वयनमा सुधार हुँदै गएको छ।*

**समस्या समाधानका उपाय**

आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनमा देखिएका समस्याको समाधानका उपाय पनि रहेका छन्। मातृभाषा शिक्षा कार्यान्वयनमा देखिएका समस्यालाई विद्यालय तहदेखि राज्यस्तरसम्मको व्यवस्थापन आवश्यक छ। समस्याको समाधानका उपायलाई यसप्रकार प्रस्तुत गरिएको छ।

**नीतिगत व्यवस्थापन**

आधारभूत तहमा स्थानीय मातृभाषा शिक्षा कार्यान्वयनका समस्या समाधान गर्न राज्यले नीतिगत

रूपमा व्यवस्थापन गर्नु आवश्यक छ। मातृभाषा शिक्षा कार्यान्वयनको पक्ष विश्वव्यापी नीतिमा आधारित छ। मातृभाषा शिक्षामा आधारित पाठ्यक्रम विश्वव्यापी नीतिसँगैको अवधारणा हो। जसलाई स्थानीय तहले आफ्नो अनुकूलतामा प्रयोग गर्न सक्छ। लेजर र अन्य (सन् २०१४) ले मातृभाषा शिक्षा कार्यान्वयनको नीति स्थानीय तहमा निश्चित अधिकार र क्षेत्रसँग सम्बन्धित हुने बताएका छन् (पृ.७)। राज्यले स्पष्ट रूपमा स्थानीय भाषा पाठ्यक्रम कार्यान्वयनका लागि नीतिगत व्यवस्थापन गरी समस्या समाधान गर्न सक्छ।

आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयन भएको रुपन्देहीको देवदह नगरपालिकामा रहेको मदर टङ्स एकेडेमीका प्राचार्यले राज्यले नीतिगत तहमा मातृभाषा शिक्षा कार्यान्वयनका लागि थप व्यवस्थापन गरेमा मात्र प्रभावकारी कार्यान्वयन हुने धारणा राखेका छन्।

**स्थानीय तहमै मातृभाषा पाठ्यक्रम निर्माण गर्नुपर्ने**

स्थानीय मातृभाषा पाठ्यक्रम स्थानीय तहले नै निर्माण गरेमा त्यसको कार्यान्वयन पक्ष प्रभावकारी हुन जान्छ। स्थानीय पाठ्यक्रममा समाजको माग र सिकारुको आवश्यकताका आधारमा समसामयिक तथा स्थानीय भाषालाई समेटी तयार पारिएको हुन्छ। हाल केन्द्रीय पाठ्यक्रम निर्माणका ढाँचामा स्थानीय मातृभाषा पाठ्यक्रम निर्माण भएका छन्। तथापि हालसम्म कुनै पनि मातृभाषाको छुट्टै विषय विशेषज्ञ उपलब्ध छैन। यस्तो अवस्थामा मातृभाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक विकासका लागि सम्बन्धित भाषिक समुदायका जानकार व्यक्तिहरूलाई संलग्न गराई पाठ्यसामग्री विकास गर्नका लागि पाठ्यक्रम विकास केन्द्रले मातृभाषाको पाठ्यक्रम पाठ्यपुस्तक विकासका लागि मार्गदर्शन पुस्तिका (२०७०) र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित) (२०७६) तयार पारेको छ। यसरी केन्द्रीय नमुनाभन्दा स्थानीय तहले आफ्नो परिवेशअनुकूल हुने गरी स्थानीय मातृभाषा पाठ्यक्रम निर्माण गरेमा त्यसको कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न सहज हुन्छ।

**सरोकारवालाहरूको चासो हुनुपर्ने**

हाल स्थानीय तहमा स्थानीय मातृभाषा पाठ्यक्रम निर्माणका प्रक्रिया थालनी भएका छन्। स्थानीय तहले आफ्नो परिवेश र भाषिक समुदायका आधारमा स्थानीय मातृभाषा पाठ्यक्रम तयार पारेका छन्। यसरी तयार पारिएका स्थानीय मातृभाषा पाठ्यक्रम कार्यान्वयन हुन अझै बाँकी नै रहेको छ। दाङ जिल्लाको घोराही नगरपालिका वडा नं. १ बेलुवामा रहेको बेलुवा आधारभूत विद्यालयमा स्थानीय तहले थारू भाषाको स्थानीय मातृभाषा पाठ्यक्रम तयार पारेको छ। स्थानीय सरोकारवालाहरूको चासो कम हुनाले पूर्ण कार्यान्वयन हुन सकेको छैन। कार्यान्वयनको प्रक्रियामा रहेको छ। यसैगरी देशका विभिन्न स्थानमा स्थानीय तहले भाषा पाठ्यक्रम तयार पारिसक्दा पनि सरोकारवालाहरूको चासो नहुनाले कार्यान्वयनमा समस्या रहेको छ। स्थानीय सरोकार वालाहरूले चासो देखाएमा स्थानीय भाषा पाठ्यक्रम कार्यान्वयनमा समस्या हुँदैन।

**शिक्षक व्यवस्थापन हुनुपर्ने**

आधारभूत तहमा स्थानीय मातृभाषा शिक्षा कार्यान्वयनका लागि स्थानीय मातृभाषा विषय शिक्षक

व्यवस्थापन हुनु आवश्यक छ। मातृभाषा शिक्षाको कार्यान्वयन गर्ने सबैभन्दा महत्वपूर्ण पक्ष शिक्षक हो। शिक्षकले मातृभाषा विषयको व्यवस्थित तरिकाले अध्यापन गर्न सक्छ। पाठ्यक्रमको मर्मअनुसार मातृभाषा शिक्षा विषय शिक्षकले विद्यार्थीहरूलाई शिक्षण गर्न सक्दछ (होपम्यान, सन २००३, पृ.४७२)। स्थानीय मातृभाषा पाठ्यक्रमको सफल रूपमा शिक्षण गर्न शिक्षकको भूमिका महत्वपूर्ण रहन्छ। यसर्थ शिक्षक व्यवस्थापन गर्न सकिएमा स्थानीय मातृभाषा शिक्षा कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न सहज हुन्छ।

**आवश्यक वजेट व्यवस्था गर्नुपर्ने**

स्थानीय मातृभाषा शिक्षा कार्यान्वयनका लागि विद्यालयलाई सम्बन्धित निकायबाट आवश्यक वजेट उपलब्ध गराउनु पर्दछ। आवश्यक वजेट उपलब्ध भएमा स्थानीय मातृभाषा शिक्षा कार्यान्वयनमा व्यवस्थित बनाउन सहयोग पुग्दछ। स्थानीय मातृभाषासँग सम्बन्धित पाठ्यसामग्री, शिक्षणका क्रममा प्रयोग गरिने शैक्षिक सामग्री व्यवस्थापनका लागि वजेट आवश्यक पर्छ। स्थानीय मातृभाषा शिक्षा विषय अध्यापन गर्ने शिक्षक सर कारबाट दरबन्दीको व्यवस्था नभएकोले शिक्षकलाई तलव सुविधा उपलब्ध गराउन पनि आर्थिक अवस्था बलियो हुनुपर्दछ। विद्यालयलाई सम्बन्धित स्थानीय तहले आवश्यक वजेट उपलब्ध गराएमा मातृभाषा शिक्षा प्रभावकारी कार्यान्वयन हुन्छ।

**समुदायका बहुसङ्ख्यक मानिसले प्रयोग गर्ने मातृभाषामा पाठ्यक्रम निर्माण हुनुपर्ने**

स्थानीय मातृभाषा पाठ्यक्रम समुदायका बहुसङ्ख्यक मानिसले बोल्ने मातृभाषामा निर्माण गर्नुपर्दछ। यसो भएमा स्थानीय बालबालिकाहरू मातृभाषा विषय अध्ययन गर्न उत्सुक हुन्छन्। बहुसङ्ख्यक मानिसले बो ल्ने मातृभाषा भएकोले पनि कार्यान्वयनमा सरोकारवालाहरूको सक्रियता रहन्छ। स्थानीय सरोकारवाला सक्रिय भएमा स्थानीय मातृभाषा शिक्षा कार्यान्वयनमा समस्या रहँदैन।

**स्थानीय मोडलमा मातृभाषा पाठ्यक्रम तयार हुनुपर्ने**

हाल स्थानीय मातृभाषा पाठ्यक्रम केन्द्रको नमुनाअनुसार तयार पारिएको छ। केन्द्रको नमुनाअनुसार तयार पारिएको स्थानीय मातृभाषा पाठ्यक्रममा स्थानीय तहका सबै विषयवस्तु समेटिन समस्या रहन्छ। यसले गर्दा स्थानीय मातृभाषा शिक्षा प्रभावकारी कार्यान्वयन गर्न सकिँदैन। केन्द्रको मोडलमा नभई स्थानीय मोडलमा नै सम्पूर्ण पक्ष समावेश गरी मातृभाषा पाठ्यक्रम निर्माण गरेमा कार्यान्वयन पक्षमा देखिएका समस्या समाधान गर्न सकिन्छ।

**अनुगमन पक्ष प्रभावकारी हुनुपर्ने**

आधारभूत तहमा स्थानीय मातृभाषा शिक्षा कार्यान्वयनको व्यवस्था भए पनि त्यसको कार्यान्वयन कसरी भइरहेको छ भन्ने अनुगमन भएको छैन। स्थानीय तहमा मातृभाषा शिक्षा कार्यान्वयन गर्ने क्रममा कस्ता समस्या रहेका छन् भनी सम्बन्धित निकायबाट अनुगमन हुनुपर्दछ। अनुगमन पक्ष प्रभावकारी भएमा स्थानीय मातृभाषा शिक्षा कार्यान्वयनमा देखिएका समस्याको पहिचान गरी समाधानतर्फ लाग्न सहज हुन्छ। विद्यालयले

धेरै प्रकारका समस्याहरू झेलिरहनु परेको छ। यस्तो अवस्थामा ती समस्या समाधानतर्फ उपयुक्त वातावरण तयार गर्न सकिएमा स्थानीय मातृभाषा शिक्षा कार्यान्वयनमा देखिएका समस्या सहज समाधान हुन्छन्। जसका लागि अनुगमन पक्ष प्रभावकारी हुनुपर्दछ।

**शिक्षक तालिमको व्यवस्था हुनुपर्ने**

आधारभूत तहमा स्थानीय मातृभाषा शिक्षा विषय अध्यापन गर्ने शिक्षकका लागि आवश्यक तालिमको व्यवस्था हुनुपर्दछ। शिक्षकलाई तालिम दिन सकिएमा उनीहरू कक्षाकोठामा जाँदा प्रभावकारी शिक्षण गर्न सक्षम हुन्छन्। शैक्षणिक विधि तथा स्थानीय मातृभाषासम्बन्धमा तालिम प्राप्त गरेका शिक्षकले बालबालिकालाई शिक्षण गर्दा प्रभावकारी हुन्छ। शिक्षक भनेको विद्यार्थीलाई शिक्षण गर्न मात्र नभएर सिकाइका लागि उत्प्रेरणा दिने व्यक्ति पनि हो। यसका लागि शिक्षक तालिम भएमा मात्र ती शिक्षकले सवल तरिकाबाट भाषा शिक्षण गर्दछन्। तालिम प्राप्त शिक्षक भएमा स्थानीय मातृभाषा शिक्षा कार्यान्वयनमा समस्या रहँदैन।

**स्थानीय ज्ञान, सिपलाई मातृभाषा विषयमा समावेश गरिनुपर्ने**

स्थानीय मातृभाषा पाठ्यक्रममा स्थानीय ज्ञान, सिपलाई समावेश गरिनुपर्छ। स्थानीय तहमा प्रचलित विभिन्न सिपहरू बालबालिकामा क्रमशः हस्तान्तरण गर्दै जानु आवश्यक छ। यस कार्यका लागि स्थानीय मातृभाषा पाठ्यक्रममा व्यवस्था भएमा सहज हुन्छ। बालबालिकालाई आफ्नो परिवेशअनुकूल ज्ञान, सिप दिलाउनका लागि स्थानीय मातृभाषा पाठ्यक्रममा व्यवस्था गर्न सकिएमा त्यो सिकाइ फलदायी हुन्छ। सामाजिक ज्ञानको सिद्धान्तका आधारमा पाठ्यक्रम निर्माण गर्नुपर्दछ। स्थानीय समुदाय, संस्कृतिका बारेमा उल्लेख हुने भएकोले त्यो मातृभाषा शिक्षा सफल बन्दछ (केरी र लुइज, सन २०१२, पृ. १०)। यसरी स्थानीय ज्ञान, सिपलाई समेटी मातृभाषा पाठ्यक्रम निर्माण भएमा त्यस्तो स्थानीय मातृभाषा शिक्षा कार्यान्वयनमा सहज हुन्छ।

## छलफल

आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनका समस्या र समाधानका उपायसम्बन्धमा प्रस्तुत लेखमा उल्लिखित पूर्वकार्य विवरण, सैद्धान्तिक पर्याधार र अवधारणात्मक ढाँचाका आधारमा लक्षित समूह छलफल सञ्चालन गरिएको थियो। छलफलमा विद्यालयका प्रधानाध्यापक, मातृभाषा शिक्षा विषय शिक्षक र विद्यार्थीलाई सहभागी गराइ पूर्वकार्यमा उल्लिखित विवरणका आधारमा तथ्याङ्क सङ्कलन गरियो। छलफलका सहभागीले आधारभूत तहका प्रारम्भिक कक्षाहरूमा मातृभाषा शिक्षा कार्यान्वयनको अवस्थासम्बन्धमा पूर्वकार्य विवरणमा स्पष्ट नभएका विषयवस्तुलाई स्पष्ट पारेका छन्।

मातृभाषा शिक्षा कार्यान्वयनका समस्या र समाधानका उपायसम्बन्धमा पूर्व अध्ययनमा मातृभाषा शिक्षकमा भाषिक प्रवीणता र भाषा शिक्षण गर्ने दक्षता हुनुपर्ने उल्लेख गरिएको छ। सहभागीले मातृभाषा शिक्षा कार्यान्वयनको प्रमुख समस्या दक्ष शिक्षकको अभाव हुनु रहेको धारणा प्रस्तुत गरेका छन्। मातृभाषामा दक्ष शिक्षक व्यवस्थापनलाई राज्यले आवश्यक नीति निर्माण गरी कार्यान्वयन गर्नुपर्ने सहभागीको विचार रहेको

छ। पूर्वकार्य विवरणमा मातृभाषा शिक्षा कार्यान्वयनका लागि सम्बन्धित भाषासँग मिल्ने गरी शैक्षिक सामग्री आवश्यक रहने उल्लेख गरिएको छ। शिक्षकले मातृभाषा शिक्षालाई शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्दा बालबालिकालाई दोस्रो भाषा सिकाइमा उत्प्रेरणा हुने पूर्वकार्यमा जनाइएको छ। उक्त विचारलाई छलफलका सहभागीले पनि व्यक्त गरेका छन्। शैक्षिक सामग्रीको उचित व्यवस्थापन नहुनु मातृभाषा शिक्षा कार्यान्वयनको समस्या रहेकोले यसको समाधानका लागि आावश्यक शैक्षिक सामग्री व्यवस्थापन गरी विद्यार्थीलाई शिक्षण गर्नुपर्ने उनीहरूको राय रहेको छ।

पूर्वकार्य अध्ययनमा अल्पसङ्ख्यक समुदायको मातृभाषामा शिक्षा दिनुपर्ने उल्लेख भएको छ। यससम्बन्धमा सहभागीले समाजमा रहेका बहुसङ्ख्यक समुदायको मातृभाषामा शिक्षा दिने व्यवस्था नहुनाले मातृभाषा शिक्षा कार्यान्वयनमा समस्या उत्पन्न भएको धारणा व्यक्त गरेका छन्। समुदायमा बसोबास गर्ने बहुसङ्ख्यक मानिसले प्रयोग गर्ने मातृभाषामा शिक्षा दिएमा यसप्रकारको समस्या समाधान हुने उनीहरूले स्पष्ट पारेका छन्। मातृभाषामा शिक्षाका लागि पाठ्यक्रमको तयारी हुनुपर्ने विषयलाई पूर्वकार्य विवरणमा उल्लेख गरिएको छ। स्थानीय मोडलको मातृभाषा पाठ्यक्रम तयार पारी बालबालिकालाई शिक्षा दिनुपर्छ। छलफलका सहभागीका अनुसार मातृभाषा पाठ्यक्रम निर्माण गर्दा समुदायका बहुसङ्ख्यक मानिसले प्रयोग गर्ने भाषामा निर्माण गर्नुपर्नेमा जोड दिएका छन्। उनीहरूले समुदायका अल्पसङ्ख्यक मातृभाषी व्यक्तिहरूलाई पनि समेट्ने गरी मातृभाषा शिक्षा दिन सकिएमा यसको प्रभावकारिता अझ बढ्ने धारणा राखेका छन्। हाल मातृभाषा शिक्षा पाएका बालबालिकाहरूमा आफ्नो पढाइप्रतिको उत्साह झन बढ्दै गएको अनुभव सहभागीले सुनाएका थिए। अल्पसङ्ख्यक समुदायको मातृभाषामा शिक्षा दिएमा उनीहरू औपचारिक शिक्षामा जोडिने कुरा पूर्वकार्य विवरणमा उल्लेख छ। हाल अल्पसङ्ख्यक समुदायका बालबालिका औपचारिक शिक्षामा जोडिएका छैनन् । छलफलका सहभागीले पूर्वकार्य विवरणसँग मिल्ने गरी आफ्ना धारणा प्रस्तुत गरेका छन्। प्रारम्भिक तहका बालबालिकालाई मातृभाषा शिक्षा दिनाले उनीहरू बिस्तारै दोस्रो भाषामा दक्ष बन्ने सहभागीको धारणा छ।

मातृभाषा शिक्षाको कारण अविकसित गाउँ र विकसित सहरमा रहेको दुरीलाई न्युन गर्न सहयोग हुने पूर्वकार्य विवरणमा उल्लेख भएको छ। छलफलका सहभागीहरूले कुनै क्षेत्र विशेषको मातृभाषा शिक्षाले गर्दा ती बालबालिका भविष्यमा शिक्षाकै कारण पिछडिएको ग्रामीण परिवेशबाट सहरी विकसित परिवेशमा जान सक्ने बताएका छन्। यसबाट स्थानीय ज्ञानको पहुँचलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय तहसम्म लैजान सकिने उनीहरूको दावी रहेको छ। समुदायमा प्रचलित मातृभाषामा शिक्षा दिने व्यवस्था भएमा समुदायका सदस्यहरू शिक्षाप्रति सकारात्मक र उत्तरदायी हुने सहभागीले जनाएका छन्। बालबालिकालाई शिक्षाको माध्यम भाषाका रूपमा मातृभाषा प्रयोग गर्न सकिएमा त्यसबाट विद्यार्थीहरूको विद्यालयमा नियमितता हुने कुरामा सहभागीको जोड रहेको छ। उनीहरूका अनुसार मातृभाषा शिक्षा कार्यान्वयनमा राज्यले सामान्य नीतिगत व्यवस्थत गरेको भए पनि अनुगमन प्रभावकारी नहुनाले कार्यान्वयन पक्ष कमजोर रहेको बताएका छन्। आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनका समस्या र समाधानका उपायसम्बन्धमा पूर्वकार्यमा उल्लिखित विचारलाई छलफलका सहभागीले स्पष्ट पारेका छन्। पूर्वकार्यमा अस्पष्ट भएका विषयलाई सहभागीहरूले प्रप्ट पारी बताएका छन्।

## निष्कर्ष

आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनका समस्या र समाधानका उपायसम्बन्धमा प्रस्तुत लेखमा उल्लिखित विवरणबाट मातृभाषा शिक्षा कार्यान्वयनका लागि उपयोगी विचार प्रस्तुत भएका छन् । मातृभाषा शिक्षा कार्यान्वयनका लागि देखिएका प्रमुख समस्या र ती समस्याको समाधानका लागि प्राप्त उपायहरू प्रस्तुत लेखको प्राप्ति हो ।

मातृभाषा शिक्षा कार्यान्वयनमा धेरै समस्याहरू रहेका छन् । ती समस्याको समाधानका उपाय पनि लक्षित समूह छलफलका सहभागीले बताएका छन् । आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनका लागि दक्ष भाषा शिक्षक आवश्यक पर्दछ । बालबालिकाको मातृभाषामा अध्यापन गर्न सक्ने भाषा शिक्षकले प्रभावकारी शिक्षण गर्न सक्छन् । मातृभाषासँग सम्बन्धित शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्दा प्रभावकारी हुन्छ । समुदायमा रहेका बहुसङ्ख्यक मानिसले बोल्ने मातृभाषामा शिक्षा दिने व्यवस्था हुनुपर्छ । अल्पसङ्ख्यक समुदायका मातृभाषालाई शिक्षणमा समावेश गर्न सकेमा ती समुदायका बालबालिका भविष्यमा औपचारिक शिक्षाका लागि तयारी हुन्छन् । मातृभाषा शिक्षा विषय अध्यापन गर्ने विद्यालयमा आवश्यक वजेटको व्यवस्थापन गरी शिक्षण सिकाइको वातावरण मिलाउनुपर्दछ । मातृभाषा शिक्षा कार्यान्वयनका समस्या समाधान गर्न सकिएमा प्रभावकारी शिक्षण हुने छलफलको प्राप्ति रहेको छ ।

## सन्दर्भ सामग्रीसूची

केन्द्रीय तथ्याङ्क विभाग (२०७९), *नेपालको राष्ट्रिय जनगणना २०७८*, केन्द्रीय तथ्याङ्क विभाग ।

खनाल, पेशल (२०७३), *शैक्षिक अनुसन्धान पद्धति,* सनलाइट पब्लिकेसन ।

घर्ती, दुर्गाबहादुर (२०८०), *अनुसन्धान पद्धतिः सिद्धान्त र प्रयोग,* अनुसन्धान विमर्श नेपाल ।

जबरा, स्वयंप्रकाश, श्रेष्ठ चन्द्रबहादुर, रञ्जितकार, किरणराम (२०५९), *पाठ्यक्रम योजना र अभ्यास,* विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, वसन्तराज (२०२१), 'नेपालमा मातृभाषामा आधारित बहुभाषिक शिक्षा', *स्कलर्स जर्नल,* ४(१), ८२-९२ ।

पाठ्यक्रम विकास केन्द्र, (२०६४), *मातृभाषाको नमुना पाठ्यक्रम तथा पाठ्यपुस्तक विकासका लागि मार्गदर्शन पुस्तिका,* सानोठिमी भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र, (२०७६), *स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन* (मातृभाषासहित), सानेठिमी भक्तपुर ।

शिवाकोटी, गौपाल र चौलागाई, तिलक (२०५८), *अनुसन्धान पद्धतिको परिचय,* पाठ्यसामग्री पसल ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६६), *शिक्षाका आधारहरू,* एम.के.पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद (२०५२), *शोधविधि,* साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०७७). साहित्यको अनुसन्धान व्यवस्थापन, शिखा बुक्स प्रकाशन प्रा.लि. ।

Bolstad, R. (2004). School-based curriculum development: principles, processes,

and practices. New Zealand .

Facer, K., Thomas, L. (2012). ' Towards an Area-based curriculum ? Creating space for the city in schools'. *International journal of Education research*. University of Bristol.

Graves, K. (2008). *The language curriculum : A social contextual perspective*. Cambridge University Press.

Hopeman, s. (2003). 'On the evaluation of curriculum reforms'. *Journal of curriculum studies*. 35, 459-478.

Khadka, B. (2018). Mother tongue education: A quest of quality and access in education. *Journal of NELTA*. (5), 65-74.

Molstad, E. (2015). 'State Based curriculum making : Approaches to local curriculum work in Norway and Finland.' *Journal of curriculum studies*.

Phyak, P.B. (2007). 'Mother tongue education: Judging from classroom pedagogy with reference to Limbu language'. *Nepalese Linguistics. Linguistic Society of Nepal*.

Ellaway, R., Poulton, T. (2008). *Albright Medical teacher* 30 (2), 170-174.

Tyler, Ralpha W (1974). *Basic Principle of Curriculum and instruction*. University of Chicago Press.

Rai, I. (2021). *Multilingual education in Nepal : Policies and practices*. Central department of education. Tribhuwan university.

Saralee K. (2021). *Perceptions of educators on the implementation of mother-tongue education in south Africa : A case study of selected schools in the Uthungulu District of Kwazulu-Natal*. Durban University of Technology.

Spolsky, B. (2004). *Language Policy*. Cambridge University Press.

Spolsky, B. (2007). Towards a Theory of language Policy. *Working in Educational Linguistics*. 22(1). 1-14.

Wagle, S. and more (2019). ' Irrelevance of Basic School Education in Nepal : An Anticolonial Critique on problems and Prospects'. *Dhauligiri Journal of Sociology and Anthropology*. vol.13, 31-39.

Wang, H.(2006). *An implementation study of the English as a foreign language curriculum policies in the Chinese tertiary context*. Queen's University Canada.

William, E , Timothy K. (2006). *Theory for Education*. Routledge, Tylor and Francis group.

Zeme, M. (2020). *Exploring the challanges of mother -tongue -based multilingual education in primary schools in selected minority language areas in southern Ethiopia* (PHD Thesis ). University of South Africa.

Zhou, M., Brown, D. (2015). *Educational Learning Theories*. Georgia. (http://overgalileo.edu/education-textbooks)